# मालिका गाउँपालिकाको विनियोजन ऐन, २०८३

सभामा पेश भएको मितिः- २०८३/०३/१० गते

सभाबाट स्वीकृत भएको मितिः- २०८३/०३/१४ गते

मालिका गाउँपालिका, गुल्मीको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरूका लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावनाः मालिका गाउँपालिका, गुल्मीको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरूका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम मालिका गाउँपालिका, गुल्मीको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "मालिका गाउँपालिका, गुल्मीको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन स्वीकृत भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५८,६०,९६०००.००/- (अक्षरेपि रुपैयाँ अन्ठाउन्न करोड साठी लाख छ्यानब्बे हजार मात्र) मा (भुक्तानी बाँकीबाट थप हुने बाहेक) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस विद्येयकद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त मालिका गाउँपालिका, गुल्मीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको एक तिहाई प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ, यसरी रकमान्तर तथा श्रोतान्तर गरिएको रकमको हिउँदे अधिवेशनको सभाबाट स्वीकृत तथा अनुमोदन

गराउनुपर्नेछ। पुँजीगत खर्चतर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन। तर चालू खर्च शीर्षकबाट चालू तथा पुँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको एक तिहाई प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।